# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

*(आर्थिक वर्ष २०७७/७८ को आठ महिनाको तथ्याङ्कमा आधारित)*

### प्रमुख झलक


- *वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ३.०२ प्रतिशत छ ।*
- *आयात २.१ प्रतिशतले र निर्यात ७.८ प्रतिशतले बढेको छ ।*
- *विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा ८.६ प्रतिशतले र अमेरिकी डलरमा ५.० प्रतिशतले बढेको छ ।*
- *शोधनान्तर स्थिति रु.६८ अर्बले बचतमा छ ।*
- *कुल विदेशी विनिमय सञ्चिति १२ अर्ब ३७ करोड अमेरिकी डलर रहेको छ ।*
- *संघीय सरकारको खर्च रु.५७१ अर्ब २ करोड र राजस्व परिचालन रु.५७१ अर्ब २० करोड छ ।*
- *विस्तृत मुद्राप्रदाय ११.४ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय २२.६ प्रतिशतले बढेको छ ।*
- *बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ११.० प्रतिशत र निजी क्षेत्रमाथिको दावी १७.५ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा भने निक्षेपको वृद्धिदर २१.९ प्रतिशत र निजी क्षेत्रमाथिको दावीको वृद्धिदर १८.९ प्रतिशत छ ।*

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

१. २०७७ फागुनमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३.०२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ६.७० प्रतिशत रहेको थियो । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ३.८० प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति २.४१ प्रतिशत रहेको छ ।

चार्ट १: वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति




२. २०७६ फागुनको तुलनामा २०७७ फागुनमा घ्यू तथा तेल, फलफूल, सुर्तिजन्य वस्तुहरु र दाल तथा गेडागुडी उपसमुहको मुल्यवृद्धि क्रमशः १९.९७ प्रतिशत, १३.६७ प्रतिशत, १०.४१ प्रतिशत र १०.१७ प्रतिशत रहेको छ ।

३. समीक्षा महिनामा काठमाडौं उपत्यकामा २.५० प्रतिशत, तराईमा ३.२५ प्रतिशत, पहाडमा ३.४० प्रतिशत र हिमालमा १.१४ प्रतिशत मुद्रास्फीति रहेको छ । २०७६ फागुनमा यी क्षेत्रहरुमा क्रमशः ७.६१ प्रतिशत, ६.८४ प्रतिशत, ५.५३ प्रतिशत र ५.४२ प्रतिशत मुद्रास्फीति रहेको थियो ।

तालिका १ : वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति (प्रतिशत)

| विवरण | २०७६ फागुन | २०७७ माघ | २०७७ फागुन |
|---|---|---|---|
| **समग्र मुद्रास्फीति** | **६.७०** | **२.७०** | **३.०२** |
| *खाद्य तथा पेय पदार्थ* | *९.३३* | *३.०२* | *३.८०* |
| *गैर-खाद्य तथा सेवा* | *४.६९* | *२.४४* | *२.४१* |

### थोक मुद्रास्फीति

४. २०७७ फागुनमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ६.३० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ६.५७ प्रतिशत रहेको थियो ।

५. समीक्षा महिनामा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको थोक मूल्यवृद्धि गत वर्षको सोही महिनाको तुलनामा क्रमशः ८.४५ प्रतिशत, ५.५९ प्रतिशत र ३.४७ प्रतिशत रहेको छ । समीक्षा महिनामा निर्माण सामग्रीको थोक मूल्यवृद्धि ४.९२ प्रतिशत रहेको छ ।


### तलव तथा ज्यालादर सूचकाङ्क

६. २०७७ फागुनमा वार्षिक बिन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क १.८९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही महिनामा उक्त सूचकाङ्क ७.५१ प्रतिशतले बढेको थियो । समीक्षा महिनामा ज्यालादर सूचकाङ्क २.४३ प्रतिशतले बढेको छ भने तलव सूचकाङ्क यथावत रहेको छ ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

७. आर्थिक वर्ष २०७७/७८ को आठ महिनामा कुल वस्तु निर्यात ७.८ प्रतिशतले वृद्धि भई रु.८० अर्ब ७८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात २२.३ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ क्रमशः ११.३ प्रतिशत र २.० प्रतिशतले निर्यात वृद्धि भएको छ भने चीनतर्फको निर्यातमा ४३.७ प्रतिशतले कमी आएको छ । वस्तुगत आधारमा सोयाविन तेल, अलैंची, जुटका सामान, पश्मिना, धागो (पोलिष्टर तथा अन्य) लगायतका वस्तुको निर्यात बढेको छ भने पाम तेल, तयारी पोशाक, जुत्ता तथा चप्पल, जस्तापाता, तार, ऊनी गलैंचा लगायतका वस्तुको निर्यात घटेको छ ।



चार्ट २: वैदेशिक व्यापार (आठ महिना)

८. आर्थिक वर्ष २०७७/७८ को आठ महिनामा कुल वस्तु आयात २.१ प्रतिशतले वृद्धि भई रु.९४३ अर्ब ९९ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २.६ प्रतिशतले घटेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारतबाट भएको आयात ९.८ प्रतिशतले वृद्धि भएको छ भने चीन तथा अन्य मुलुकबाट भएको आयातमा क्रमशः ७.१ प्रतिशत र १२.१ प्रतिशतले कमी आएको छ । वस्तुगत आधारमा चामल, कच्चा सोयाविन तेल, एम.एस. बिलेट, यातायातका साधन तथा पार्टपुर्जा, दूरसंचारका उपकरण तथा पार्टपुर्जा लगायतका वस्तुको आयात बढेको छ भने पेट्रोलियम पदार्थ, हवाईजहाजका पार्टपुर्जा, कच्चा पाम तेल, अन्य मेसिनरी तथा पार्टपुजा, भडियो, टेलिभिजन तथा पार्टपूजा लगायतका वस्तुको आयात घटेको छ ।

९. निर्याततर्फ सुख्खा बन्दरगाह, विराटनगर, कैलाली, तातोपानी, कन्चनपुर र रसुवा भन्सार कार्यालय बाहेकका नाकाबाट गरिएको निर्यात वृद्धि भएको छ । आयाततर्फ भैरहवा, विराटनगर, नेपालगञ्ज, कृष्णनगर, कैलाली र कन्चनपुर भन्सार कार्यालय बाहेकका नाकाबाट भएको आयातमा ह्रास आएको छ ।

१०. आर्थिक वर्ष २०७७/७८ को आठ महिनामा कुल वस्तु व्यापार घाटा १.६ प्रतिशतले वृद्धि भई रु.८६३ अर्ब २१ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ४.३ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा निर्यात-आयात अनुपात ८.६ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ८.१ प्रतिशत रहेको थियो ।

### निर्यात-आयात मूल्य सूचकाङ्क

११. वार्षिक विन्दुगत आधारमा २०७७ फागुन महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) २.० प्रतिशतले बढेको छ भने आयात मूल्य सूचकाङ्क ३.२ प्रतिशतले बढेको छ । २०७६ फागुन महिनामा १.७ प्रतिशतले बढेको व्यापारको शर्त (Terms of Trade) २०७७ फागुन महिनामा १.२ प्रतिशतले घटेको छ ।

**सेवा**

१२. समीक्षा अवधिमा खुद सेवा आय रु.३९ अर्ब ६९ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु.४ अर्ब २२ करोडले घाटामा रहेको थियो ।

१३. सेवा खाता अन्तर्गत समीक्षा अवधिमा भ्रमण आय ९१.७ प्रतिशतले कमी आई रु.४ अर्ब ४५ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु.५३ अर्ब ३६ करोड रहेको थियो ।

१४. सेवा खाता अन्तर्गत समीक्षा अवधिमा भ्रमण व्यय ५४.० प्रतिशतले कमी आई रु.२२ अर्ब ६२ करोड कायम भएको छ । यसमध्ये शिक्षातर्फको व्यय रु.१८ अर्ब ३१ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु.४९ अर्ब १३ करोड रहेकोमा शिक्षातर्फको व्यय रु.२३ अर्ब ९२ करोड रहेको थियो ।

**विप्रेषण आप्रवाह**

१५. समीक्षा अवधिमा विप्रेषण आप्रवाह ८.६ प्रतिशतले वृद्धि भई रु.६४२ अर्ब १४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १.५ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह ५.० प्रतिशतले वृद्धि भई ५ अर्ब ४५ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १.५ प्रतिशतले बढेको थियो ।

१६. समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या ७४.८ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या २४.२ प्रतिशतले बढेको थियो । वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ६५.२ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या २.७ प्रतिशतले घटेको थियो ।

१७. समीक्षा अवधिमा खुद ट्रान्सफर ७.२ प्रतिशतले वृद्धि भई रु.७१८ अर्ब ७० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर १.० प्रतिशतले बढेको थियो ।

**चालु खाता एवम् शोधनान्तर स्थिति**

१८. समीक्षा अवधिमा चालु खाता रु.१४८ अर्ब ६८ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु.११९ अर्ब ७० करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १ अर्ब ५ करोडले घाटामा रहेको चालु खाता समीक्षा अवधिमा १ अर्ब २७ करोडले घाटामा रहेको छ ।


१९. समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर ६.८ प्रतिशतले वृद्धि आई रु.११ अर्ब ९१ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी ३४.८ प्रतिशतले कमी आई रु.१० अर्ब १८ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर रु.११ अर्ब १५ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु.१५ अर्ब ६१ करोड रहेको थियो ।

२०. समीक्षा अवधिमा शोधनान्तर स्थिति रु.६८ अर्बले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु.३७ अर्ब ८४ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ३३ करोड १२ लाखले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा ५६ करोड ५८ लाखले बचतमा रहेको छ ।

**कुल विदेशी विनिमय सञ्चिति**

२१. २०७७ असार मसान्तमा रु.१४०१ अर्ब ८४ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २.५ प्रतिशतले वृद्धि भई २०७७ फागुन मसान्तमा रु.१४३६ अर्ब ५४ करोड पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०७७ असार मसान्तमा ११ अर्ब ६५ करोड रहेकोमा २०७७ फागुन मसान्तमा ६.२ प्रतिशतले वृद्धि भई १२ अर्ब ३७ करोड पुगेको छ ।

**चार्ट ३: कुल विदेशी विनिमय सञ्चिति (फागुन मसान्त)**




२२. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७७ असार मसान्तमा रु.१२२६ अर्ब १२ करोड रहेकोमा २०७७ फागुन मसान्तमा ३.३ प्रतिशतले वृद्धि भई रु.१२६६ अर्ब १० करोड पुगेको छ

। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७७ असार मसान्तमा रु.१७५ अर्ब ७१ करोड रहेकोमा २०७७ फागुन मसान्तमा ३.० प्रतिशतले कमी आई रु.१७० अर्ब ४४ करोड कायम भएको छ । २०७७ फागुन मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २७.६ प्रतिशत रहेको छ ।

### सञ्चिति पर्याप्तता सूचक

२३. आर्थिक वर्ष २०७७/७८ को आठ महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १२.५ महिनाको वस्तु आयात र ११.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । समीक्षा अवधिमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरु क्रमशः ३६.४ प्रतिशत, ९४.५ प्रतिशत र ३०.५ प्रतिशत रहेका छन् । २०७७ असार मसान्तमा यी अनुपातहरु क्रमशः ३५.५ प्रतिशत, १०५.७ प्रतिशत र ३३.१ प्रतिशत रहेका थिए ।

### कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

२४. अन्तर्राष्ट्रिय बजारमा २०७६ फागुन मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ३३ रहेको कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७७ फागुन मसान्तमा १०८.७ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ६८.८७ पुगेको छ । त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०७६ फागुन मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर १५६२.८० रहेकोमा २०७७ फागुन मसान्तमा ९.१ प्रतिशतले वृद्धि भई अमेरिकी डलर १७०४.८० पुगेको छ ।

### विनिमय दर

२५. २०७७ असार मसान्तको तुलनामा २०७७ फागुन मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ३.६ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ ७.७ प्रतिशतले अवमूल्यन भएको थियो । २०७७ फागुन मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.११६.१६ पुगेको छ । २०७७ असार मसान्तमा उक्त विनिमय दर रु.१२०.३७ रहेको थियो ।

## सरकारी वित्त स्थिति

### संघीय सरकार

### खर्च तथा राजस्व

२६. नेपाल सरकार, अर्थमन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार २०७७ फागुन मसान्तसम्ममा चालु खर्च रु.४५५ अर्ब ८२ करोड, पुँजीगत खर्च रु.७९ अर्ब ७० करोड र वित्तीय व्यवस्था अन्तर्गतको खर्च रु.३५ अर्ब ५१ करोड गरी कुल रु.५७१ अर्ब २ करोड खर्च भएको छ (अनुसूची-१३) ।

२७. समीक्षा अवधिमा सरकारको कर राजश्व रु.५२७ अर्ब ६७ करोड र गैर कर राजश्व रु.४३ अर्ब ५३ करोड गरी कुल राजश्व रु.५७१ अर्ब २० करोड (प्रदेश सरकार तथा स्थानीय तहमा बाँडफाँट हुने रकमसमेत) परिचालन भएको छ (अनुसूची-१३) ।

२८. समीक्षा अवधिमा संघीय सरकारले रु.२० अर्ब ५० करोडको ट्रेजरी विल, रु.९० अर्बको विकास ऋणपत्र, रु.२ अर्बको नागरिक वचतपत्र र रु.१ करोड ५३ लाखको वैदेशिक रोजगार वचतपत्र गरी कुल रु.११२ अर्ब ५२ करोड आन्तरिक ऋण परिचालन गरेको छ ।

### प्रदेश सरकार


२९. आर्थिक वर्ष २०७७/७८ को आठ महिनामा प्रदेश सरकारको स्रोत प्राप्ति रु.९१ अर्ब ६२ करोड रहेको छ । यसमध्ये संघीय सरकारले प्रदेश सरकारलाई अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्व समेत गरी रु.६३ अर्ब २६ करोड हस्तान्तरण गरेको छ । यसैगरी, यस अवधिमा प्रदेश सरकारहरुले राजस्व र अन्य स्रोतबाट रु.२८ अर्ब ३६ करोड परिचालन गरेका छन् । यसैगरी, यस अवधिमा प्रदेश सरकारहरुको खर्च रु ६२ अर्ब १२ करोड रहेको छ ।

# मौद्रिक स्थिति

## मुद्राप्रदाय

३०. आर्थिक वर्ष २०७७/७८ को आठ महिनासम्ममा विस्तृत मुद्राप्रदाय ११.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ७.३ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७७ फागुन मसान्तमा विस्तृत मुद्राप्रदाय २२.६ प्रतिशतले बढेको छ ।

**चार्ट ४: मुद्राप्रदायको वृद्धिदर (फागुन)**
**(वार्षिक बिन्दुगत)**





३१. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.६८ अर्ब १ करोड (५.१ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु.३७ अर्ब ८४ करोड (३.८ प्रतिशत) ले बढेको थियो ।

३२. समीक्षा अवधिमा सञ्चित मुद्रा १०.५ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ०.२ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७७ फागुन मसान्तमा सञ्चित मुद्रा १३.६ प्रतिशतले बढेको छ ।

## कुल आन्तरिक कर्जा

३३. आर्थिक वर्ष २०७७/७८ को आठ महिनामा कुल आन्तरिक कर्जा १२.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ५.० प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७७ फागुन मसान्तमा यस्तो कर्जा २१.९ प्रतिशतले बढेको छ ।

**चार्ट ५: निक्षेप तथा कर्जा वृद्धिदर (फागुन)**
**(वार्षिक बिन्दुगत)**




३४. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी १७.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी ११.३ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७७ फागुन मसान्तमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी १८.९ प्रतिशतले बढेको छ ।

## निक्षेप परिचालन

३५. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप ११.० प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ८.० प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७७ फागुन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप २१.९ प्रतिशतले बढेको छ ।

**तालिका २: बैंक तथा बित्तीय संस्थाहरुमा रहेको निक्षेपको अंश (प्रतिशतमा)**

| निक्षेप | असार मसान्त | | | | फागुन मसान्त | |
|---|---|---|---|---|---|---|
| | २०७४ | २०७५ | २०७६ | २०७७ | २०७६ | २०७७ |
| चल्ती | ८.७ | ९.३ | ९.७ | १०.० | ८.३ | ८.४ |
| बचत | ३५.४ | ३४.५ | ३२.८ | ३१.९ | ३१.४ | ३४.४ |
| मुद्दती | ४३.२ | ४४.८ | ४६.३ | ४८.६ | ५०.० | ४८.६ |
| अन्य | १२.७ | ११.३ | ११.३ | ९.४ | १०.३ | ८.६ |

३६. २०७७ फागुनमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमशः ८.४ प्रतिशत, ३४.४ प्रतिशत र ४८.६ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अंश क्रमशः ८.३ प्रतिशत, ३१.४ प्रतिशत र ५०.० प्रतिशत रहेको थियो ।

३७. २०७७ फागुन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ४२.१ प्रतिशत रहेको छ । २०७६ फागुन मसान्तमा यस्तो निक्षेपको अंश ४४.९ प्रतिशत रहेको थियो ।

## कर्जा प्रवाह

३८. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १७.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १०.१ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७७ फागुन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १९.४ प्रतिशतले बढेको छ ।

३९. समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह १७.३ प्रतिशतले, विकास बैंकहरुको कर्जा प्रवाह २१.८ प्रतिशतले र वित्त कम्पनीहरुको कर्जा प्रवाह ६.१ प्रतिशतले बढेको छ ।

४०. २०७७ फागुन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहिरहेको कर्जामध्ये ६६.२ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १२.३ प्रतिशत कर्जा चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । २०७६ फागुन मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६५.३ प्रतिशत र १३.३ प्रतिशत रहेको थियो ।

४१. आर्थिक वर्ष २०७७/७८ को आठ महिनामा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जामध्ये कृषि क्षेत्रतर्फको कर्जा २८.८ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा १३.२ प्रतिशतले, निर्माण क्षेत्रतर्फको कर्जा १०.८ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १०.० प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा १४.९ प्रतिशतले र सेवा उद्योग क्षेत्रतर्फको कर्जा १५.२ प्रतिशतले बढेको छ ।

४२. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कर्जामध्ये आवधिक कर्जा १७.४ प्रतिशतले, ओभरड्राफ्ट कर्जा १९.१ प्रतिशतले, डिमान्ड तथा चालु पुँजी कर्जा १७.३ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) ७.३ प्रतिशतले, मार्जिन प्रकृति कर्जा ६१.५ प्रतिशतले र ट्रष्ट रिसिट (आयात) कर्जा ३०.३ प्रतिशतले बढेको छ भने हायर पर्चेज कर्जा ४.६ प्रतिशतले घटेको छ ।

## तरलता व्यवस्थापन

४३. आर्थिक वर्ष २०७७/७८ को आठ महिनामा रिभर्स रिपोमार्फत् रु.१०९ अर्ब ५४ करोड र निक्षेप संकलन उपकरणमार्फत् रु.१९३ अर्ब ७५ करोड गरी कुल रु.३०३ अर्ब २९ करोड तरलता प्रशोचन गरिएको छ भने स्थायी तरलता सुविधामार्फत रु.२ अर्ब तरलता प्रवाह गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा रिभर्स रिपोमार्फत् रु.२८ अर्ब र निक्षेप संकलन उपकरणमार्फत रु.३० अर्ब गरी कुल रु.५८ अर्ब तरलता प्रशोचन भएको थियो भने रिपोमार्फत् रु.११३ अर्ब ९९ करोड र स्थायी तरलता सुविधामार्फत रु.६९ अर्ब ५५ करोड गरी कुल रु.१८३ अर्ब ५४ करोड तरलता प्रवाह गरिएको थियो ।

४४. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर २ अर्ब ४३ करोड खुद खरिद गरी रु.२८६ अर्ब ६८ करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब ४९ करोड खुद खरिद गरी रु.२८५ अर्ब १८ करोड तरलता प्रवाह गरिएको थियो ।

४५. समीक्षा अवधिमा अमेरिकी डलर २ अर्ब ८४ करोड बिक्री गरी रु.३३४ अर्ब ६५ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २ अर्ब ७८ करोड बिक्री गरी रु.३१६ अर्ब ६३ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको थियो ।

## पुनरकर्जा तथा सहुलियतपूर्ण कर्जा

४६. यस बैंकले सहुलियत दरमा प्रदान गर्दै आएको पुनरकर्जा २०७७ फागुन मसान्तमा रु.८८ अर्ब ८६ करोड लगानीमा रहेको छ ।

४७. २०७७ फागुन मसान्तसम्ममा ७७ हजार १ सय ९६ ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई रु.१२४ अर्ब २८ करोड कर्जा बक्यौता रहेको छ । यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत ३८ हजार ३ सय ५५ ऋणीलाई प्रवाह

**पुनरकर्जा कार्यविधि, २०७७ बमोजिम स्वीकृत पुनरकर्जाको विवरण (२०७७ फागुन मसान्त)**

| पुनरकर्जा स्वीकृतिको माध्यम | स्वीकृत रकम (अर्बमा) | ऋणी संख्या | बैंक तथा वित्तीय संस्थाको संख्या |
|---|---|---|---|
| ग्राहक मूल्यांकनमा आधारित | ३९.५६ | २८१ | ३२ |
| एकमुष्ठ प्रदान गरिने (क, ख र ग वर्ग) | ९२.३८ | ४८,५५० | ४६ |
| एकमुष्ठ प्रदान गरिने (घ वर्ग) | १०.२३ | - | २८ |
| **कुल** | **१४२.१७** | **४८,८३१** | **-** |

भएको रु.८८ अर्ब २९ करोड कर्जा रहेको छ भने महिला उद्यमशील कर्जा अन्तर्गत ३६ हजार ७ सय ६३ महिला उद्यमीलाई प्रवाह भएको रु. ३२ अर्ब ९५ करोड कर्जा रहेको छ । सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत २ हजार ७८ ऋणीको रु.३ अर्ब ५ करोड कर्जा बक्यौता रहेको छ ।

### अन्तर-बैंक कारोबार

४८. आर्थिक वर्ष २०७७/७८ को आठ महिनामा वाणिज्य बैंकहरुको रु.५९८ अर्ब ६१ करोड र अन्य वित्तीय संस्थाहरु (वाणिज्य बैंकहरुबीचबाहेक) को रु.१४६ अर्ब ७० करोड गरी कुल रु.७४५ अर्ब ३१ करोडको अन्तर-बैंक कारोबार भएको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरुको रु.१२२७ अर्ब ६३ करोड र अन्य वित्तीय संस्थाहरुको रु.११० अर्ब ५ करोड गरी कुल रु.१३३७ अर्ब ६८ करोड अन्तर बैंक कारोबार भएको थियो ।

### ब्याजदर

४९. २०७६ फागुनमा ९१-दिने ट्रेजरी बीलको भारित औसत ब्याजदर ३.९७ प्रतिशत रहेकोमा २०७७ फागुनमा २.०३ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७६ फागुनमा ४.३५ प्रतिशत रहेकोमा २०७७ फागुनमा १.२६ प्रतिशत रहेको छ । मौद्रिक नीतिको संचालन लक्ष्यको रुपमा लिइने औसत अन्तर-बैंक ब्याजदर २०७७ फागुनमा १.२६ प्रतिशत रहेको छ ।

५०. वाणिज्य बैंकहरुको औसत आधार दर २०७६ फागुनमा ९.४५ प्रतिशत रहेकोमा २०७७ फागुनमा ६.८४ प्रतिशत कायम भएको छ । २०७७ फागुनमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ४.७६ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ८.७३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्ता दरहरु क्रमशः ६.७७ प्रतिशत र ११.८० प्रतिशत रहेका थिए ।

### मर्जर/प्राप्ति

५१. वित्तीय स्थायित्व सुदृढीकरण गर्ने उद्देश्यले यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरु गराए पश्चात् २०७७ फागुनमा मसान्तसम्म कुल २१३ बैंक तथा वित्तीय संस्थाहरु मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये १६१ संस्थाहरुको इजाजत खारेज हुन गई ५२ संस्था कायम भएका छन् ।

**तालिका ३: स्थानीय तहमा वाणिज्य बैंकहरुको उपस्थिति**

| प्रदेश | स्थानीय तहको संख्या | बैंक शाखा पुगेका स्थानीय तह | | बैंक शाखा पुग्ने क्रममा रहेका स्थानीय तह | |
|---|---|---|---|---|---|
| | | २०७६ फागुन | २०७७ फागुन | जिल्ला | गाँउपालिका |
| प्रदेश १ | १३७ | १३६ | १३६ | ताप्लेजुङ | मिक्वाखोला |
| प्रदेश २ | १३६ | १३६ | १३६ | - | - |
| वागमती | ११९ | ११७ | ११८ | धादिङ | रुवीभ्याली |
| गण्डकी | ८५ | ८४ | ८५ | - | - |
| लुम्बिनी | १०९ | १०९ | १०९ | - | - |
| कर्णाली | ७९ | ७८ | ७८ | जाजरकोट | जुनीचाँदे |
| सुदूर पश्चिम | ८८ | ८६ | ८७ | बझाङ | काँडा |
| **कुल** | **७५३** | **७४६** | **७४९** | ४ | ४ |

### वित्तीय पहुँच

५२. कुल ७५३ स्थानीय तहमध्ये २०७७ फागुनसम्म ७४९ तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका छन् । २०७६ फागुनसम्म ७४६ स्थानीय तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका थिए (तालिका ३) ।

५३. यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०७७ फागुन मसान्तमा १४३ रहेको छ । यस मध्ये २७ वाणिज्य बैंक, १९ विकास बैंक, २० वित्त कम्पनी, ७६ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक संचालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०७७ असार मसान्तमा ९७६५ रहेकोमा २०७७ फागुन मसान्तमा १०,४३० पुगेको छ (तालिका ४) ।

| तालिका ४: बैंक तथा वित्तीय संस्थाको संख्या तथा शाखा संख्या* | | | | | | |
|---|---|---|---|---|---|---|
| बैंक तथा वित्तीय संस्था | बैंक तथा वित्तीय संस्थाको संख्या | | | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | | |
| | २०७६ असार मसान्त | २०७७ असार मसान्त | २०७७ फागुन मसान्त | २०७६ असार मसान्त | २०७७ असार मसान्त | २०७७ फागुन मसान्त |
| वाणिज्य बैंक | २८ | २७ | २७ | ३५८५ | ४४३६ | ४६३२ |
| विकास बैंक | २९ | २० | १९ | १२६७ | १०२९ | १०६९ |
| वित्त कम्पनी | २३ | २२ | २० | २०५ | २४३ | २५६ |
| लघुवित्त वित्तीय संस्था | ९० | ८५ | ७६ | ३६२९ | ४०५७ | ४४७३ |
| पूर्वाधार विकास बैंक | १ | १ | १ | – | – | – |
| **जम्मा** | **१७१** | **१५५** | **१४३** | **८६८६** | **९७६५** | **१०४३०** |

*यस सम्बन्धी अद्यावधिक विवरणhttp://emap.nrb.org.np/मा उपलब्ध छ ।


# विद्युतीय भुक्तानी कारोबार

५४. विद्युतीय भुक्तानी पूर्वाधारमा भएको विकास, विद्युतीय भुक्तानी कारोबारका लागि गरिएको प्रोत्साहन र सर्वसाधारणको विद्युतीय भूक्तानी उपकरण प्रयोगमा बढ्दो अभ्यासका कारण विद्युतीय भुक्तानी कारोबार बढ्दै गएको छ (तालिका-५९) ।

# पुँजी बजार

५५. २०७६ फागुन मसान्तमा १३७७.२ रहेको नेप्से सूचकाङ्क २०७७ फागुन मसान्तमा २४५८.५ पुगेको छ । २०७७ असार मसान्तमा यस्तो सूचकाङ्क १३६२.४ रहेको थियो ।

५६. २०७७ फागुन मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.३३८७ अर्ब ३४ करोड पुगेको छ । २०७७ असार मसान्तमा बजार पुँजीकरण रु. १७९२ अर्ब ७६ करोड रहेको थियो ।




५७. २०७७ फागुनमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २१७ रहेको छ । सूचीकृत कम्पनीहरुमध्ये १४५ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ३७ जलविद्युत् कम्पनी, १९ उत्पादन तथा प्रशोधन उद्योग, ४/४ होटल तथा व्यापारिक संस्था र ८ अन्य समूहका रहेका छन् । २०७७ असारमा सूचीकृत कम्पनीहरूको संख्या २१२ रहेको थियो ।

५८. सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ६९.६ प्रतिशत रहेको छ । त्यसैगरी जलविद्युत कम्पनीको हिस्सा ६.७ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ३.८ प्रतिशत, होटेलको हिस्सा ०.८ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ०.७ प्रतिशत तथा अन्य समूहका कम्पनीहरुको हिस्सा १८.४ प्रतिशत रहेको छ ।

५९. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७७ फागुनसम्ममा सूचीकृत ५ अर्ब ६१ करोड शेयरको चुक्ता मूल्य रु. ५५१ अर्ब ६८ करोड रहेको छ ।

६०. आर्थिक वर्ष २०७७/७८ को आठ महिनासम्ममा रु. १ खर्ब ५० अर्ब बराबरको विकास ऋणपत्र, रु. ३५ अर्ब ३७ करोड बराबरको साधारण शेयर, रु.२८ अर्ब ७६ करोड बराबरको बोनस शेयर, रु.१० अर्ब ५ करोड बराबरको डिबेन्चर, रु. ३ अर्ब २८ करोड बराबरको हकप्रद शेयर र रु. १ अर्ब ८५ करोड बराबरको म्युचुअल फण्ड गरी कुल रु. २ खर्ब २९ अर्ब ३१ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।

६१. समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले रु. ११ अर्ब ५९ करोड बराबरको साधारण शेयर, रु. ११ अर्ब ८४ करोड बराबरको डिबेन्चर, रु. ३ अर्ब ३० करोड बराबरको म्युचुअल फण्ड र रु. २ अर्ब ४८ करोड बराबरको हकप्रद शेयर गरी कुल रु.२९ अर्ब २१ करोड बराबरको धितोपत्र निष्काशन गर्न अनुमति दिएको छ ।